म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

सम्वृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१६ अङ्क:- ७८ २०८१ माघ २२ गते मंगलबार 4 February 2025, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

## मोटरसाइकलको ठक्करबाट पैदलयात्री घाइते

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिका-७, लामिटारमा मोटरसाइकलले ठक्कर दिँदा पैदलयात्री घाइते भएका छन् । आइतबार राति ९ बजेर ३५ मिनेटको समयमा मदन भण्डारी लोकमार्गमा झुरझुरेबाट फापरबारीतर्फ आउँदै गरेको बा प्र ०२-०३० प १३७५ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री र चालक दुबै घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । मोटरसाइकलको ठक्करबाट बागमती गाउँपालिका-६, पिप्लेकी ३२ वर्षीया ज्ञानीमाया सिन्तान र चालक बागमती गाउँपालिका-७, मन्साईका २८ वर्षीय सुदर्शन लोप्चन घाइते भएका थिए । घाइते दुबैको स्थानिय सान्भी मेडिकल फापरबारीमा सामान्य उपचारपश्चात् थप उपचारका लागि हेटौंडा अस्पताल लगिएको प्रहरीले जनाएको छ ।

# हेटौँडामा सामूहिक बेल विवाह



हेटौँडा उपमहानगरपालिका-१०, बसपार्कमा सामूहिक बेल विवाहमा सहभागी कन्याको सोमबार बिहान खिचिएको फोटो ।

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिका-१०, बसपार्कमा सामूहिक बेल विवाहमा सहभागी कन्याको सोमबार बिहान खिचिएको फोटो । ईहि यज्ञ (सुवर्ण कुमार बेल विवाह) गुठीले हेटौँडामा २०२९ सालदेखि सामूहिक बेल विवाहको आयोजना गर्दै आएको छ । यस वर्ष आइतबार र सोमबार दुई दिन सामूहिक बेल विवाह भएको छ ।

यस बर्ष ७२ कन्याको सामूहिक बेल विवाह गरिएको छ । नेवार समुदायमा बेल विवाह महत्वपूर्ण कर्मको रुपमा र हने गरेको छ । रजश्वला हुनुअघि कन्याको बेल विवाह गर्ने परम्परा रहेको छ । नेवार समुदायकै पण्डित, पुरोहितले बेल विवाह कर्म गराउँछन् । सामूहिक बेल विवाहमा हेटौँडा उपमहानगरपालिका, मकवानपुर जिल्लासँगै जिल्ला बाहिरका कन्यालाई समेत सहभागी गराउन अभिभावक आउने गरेका छन् । मौलिक परम्परा अनुसार कर्म गर्न, गराउन सहजताका लागि सामूहिक बेल विवाहको प्रयास गरिएको र ५३ औं वर्षसम्म सबैको साथ, सहयोग, विश्वासका साथ बेल विवाह कर्म गर्दै आइरहेको गुठीका अग्रज सदस्य हरिशरण श्रेष्ठले जानकारी दिनुभएको छ ।

# प्रहरीलाई पैसा दिए गाँजा खेती गर्न दिने किसानको आरोप

जमुना तामाङ

हेटौंडाः जिल्ला प्रशासन कार्यालय मकवानपुरका तत्कालीन प्रमुख जिल्ला अधिकारी (प्रजिअ) एकनारायण अर्यालले २०७० वैशाख १२ गतेदेखि फागुन २८ गतेसम्म प्रजिअ हुँदा विकल्पसहित गाँजाखेती न्यूनीकरणबारे प्रतिवेदन तयार पार्नुभएको थियो । अर्याल मकवानपुरको ४१ औं प्रजिअ हुँदा हाल ५७ औं प्रजिअ तीर्थराज चिलुवाल हुनुहुन्छ ।

प्रजिअ अर्यालको प्रतिवेदनमा गाँजा खेतीको विकल्पका रुपमा एक करोड रुपैयाँ बराबरको 'वैकल्पिक प्याकेज' लैजाने उल्लेख थियो । तर, हालसम्म न कसैले गाँजाको विकल्प दिए, न त प्याकेज नै लागू गर्ने प्रयास गरियो । उल्टै गाँजा खेती गरेबापत प्रहरीलाई पैसा बुझाउनुपर्ने किसानहरुले गुनासो गरेका छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुर भने किसानहरुको आरोप अस्वीकार गर्दै उल्टै प्रमाण पेश गर्न चेतावनी दिएको छ ।

अर्याललाई २०८० फागुन २८ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट गृह मन्त्रालयको सचिवमा सरुवा गरियो । गृह सचिव भएका अर्यालसँग लामो समयसम्म विभिन्न जिल्ला प्रशासन कार्यालयमा काम गरेको अनुभव थियो । गृह सचिव भइसक्दा उहाँले एक दशकअघि तयार पारेको गाँजा खेतीसम्बन्धी प्रतिवेदन (दस्तावेज) अहिले गायब छ ।

अवैधानिकरुपमा लगाइएका गाँजा र अफिम खेती फँडानी गर्नुपर्छ भन्ने कानुनी मान्यता छ । तर, राक्सिराङ-७, दामराङकी कृषक चरिमाया चेपाङ भन्नुहुन्छ- 'गाँजा हामीसँग किनेर ग्राहकले कहाँ लैजान्छ थाहा छैन । बरु गाँजा खेती गरेबापत प्रहरीलाई पैसा बुझाउनुपर्छ ।'

मकवानपुरको राक्सिराङ, कैलाश र भीमफेदी गाउँपालिका गाँजा र अफिम खेतीका 'हब' हुन् । राक्सिराङ-७, दामराङमा हामी पुग्दा त्यहाँ गाँजा खेती फँडानी होइन, जनप्रतिनिधिदेखि त्यहाँ पुग्नेहरु गाँजा बारीमा टिकटक बनाउन व्यस्त थिए । यस वर्ष एक सय २० बिगाह गाँजा र २८ बिगाह अफिम फँडानी गरेको प्रहरीको अभियानलाई खुलमखुल्ला लगाइएका गाँजा खेतीले गिज्याइरहेका छन् ।



राक्सिराङ गाउँपालिकामा लगाइएको अवैध गाँजा खेती ।

पछिल्लो ४ महिनामा एक सय ११ जना अवैध लागूऔषध गाँजा मुद्दामा पक्राउ परेका छन् भने अहिले जिल्ला प्रहरी कार्यालय मकवानपुरको हिरासतमा मात्र ३४ जना गाँजा ओसारपसारका मुद्दामा संग्लन अभियुक्त छन् । गाँजा खेती गरेबापत किसानले प्रहरीलाई पैसा बुझाउनुपर्ने आरोप छ नि भन्दा जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक श्यामु अर्याल भन्नुहुन्छ- 'कसले भन्यो ? त्यो सत्य हो भने प्रमाण पेश गर्नुस्, हामी कारवाही गर्छौं ।'

यस्तै, हेटौंडा उपमहानगरपालिकाका प्रवक्ता सविन न्यौपानेले भौगोलिक अवस्था र परिवेश अनुसार नीति बनाउन नसकिएको बताउनुभयो । 'वैकल्पिक प्याकेज' लैजानेदेखि तीन वर्षे एकीकृत गुरुयोजना तयारीको प्रयास पनि गरियो । जसमा निःशुल्क धानको बिउ र कफी खेतीलाई गाँजाखेतीको विकल्पको रुपमा सहुलियत दिएपछि क्रमशः हट्दै जाने प्रशासनको विश्वास थियो । प्रशासनले स्थानीय निकाय, विषयगत कार्यालय, निजी क्षेत्र, प्लान इन्टरनेशनल, कोसान, एमडीआई, एमआरसी, आरआरएन र नारी सीप सृजना केन्द्रसँग सहकार्य गर्ने नीति लिएको थियो ।

छलफलबाट दोस्रो संविधानसभाका सदस्य राजाराम स्याङ्तानको संयोजकत्वमा प्रजिअ, स्थानीय विकास अधिकारी, साना किसान सहकारी अध्यक्ष, गैरसरकारी संस्था महासंघका अध्यक्ष र जिल्ला विकास समितिका सामाजिक विकास अधिकृत सदस्य रहने गरी टोलीसमेत गठन गरिएको थियो । दलका प्रतिनिधि र गाविसका अगुवा किसानले गाँजाखेती गाउँबाट विस्थापित गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । तर, व्यवहारमा त्यस्तो हुन सकेन ।

# प्रदेशसभा सञ्चालनका लागि सर्वदलीय बैठक आह्वान

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभा सञ्चालनका लागि सर्वदलीय बैठक आह्वान गरिएको छ । प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलहरुबिच प्रदेशसभा सञ्चालनका लागि मंलबार सर्वदलीय बैठक आह्वान गरिएको हो ।

प्रदेशसभाका सभामुख भुवनकुमार पाठकका आनुसार मंगलबार अपराह्न ३ बजे बस्ने गरी सर्वदलीय बैठक आह्वान गरिएको छ । प्रदेशसभाको माघ २३ गते बिहान ११ बजे बस्ने बैठकको कार्यक्रम र सत्तापक्ष र प्रतिपक्ष दलबिचको विवाद समाधानका लागि बैठक आह्वान गरिएको उहाँले बताउनुभयो ।

प्रदेश सरकारले ल्याएका विभिन्न ४ वटा विधेयकलाई दफाबार छलफल तथा संशोधनका लागि समितिमा पठाएर पारित गर्नुपर्ने भएपनि संसदको कार्यक्रम अघि बढ्न सकेको छैन । दलहरुबिच सहमतिको वातावरण तयार गर्न सर्वदलीय बैठक आयोजना गरिएको सभामुख पाठकले बताउनुभयो । बागमती प्रदेशसभाको गत माघ १८ गते बसेको बैठकमा प्रतिपक्ष दलको सहमति नहुँदा संसदमा पेश गर्न तयार गरिएको विधेयकसम्बन्धी कार्यसूची हटाइएको थियो ।

# सरस्वती पूजामा नृत्य प्रतियोगिता र अक्षरारम्भ



श्रमिक माविमा अक्षरारम्भ गराउँदै ।

समाज संवाददाता

हेटौंडाः सोमबार माघ शुक्ल पञ्चमी अर्थात् सरस्वती पूजाको दिन नृत्य प्रतियोगिता र अक्षरारम्भ कार्यक्रम आयोजना गरिएको छ । शैक्षिक संघसंस्थामा बिहानै सरस्वतीको पूजा गर्न विद्यार्थी, शिक्षकलगायतको भिड लागेको थियो ।

सोही अवसरमा हेटौंडा-४ स्थित हेटौंडा स्कूल अफ म्यानेजमेन्टले नृत्य प्रतियोगिता आयोजना गरेको छ । प्रतियोगितामा द सेभेन स्टार समूह उत्कृष्ट हुन सफल भएको छ । यस्तै, उन्नाइस केटी समूह पहिलो रनर अप, आर्टस्टिक एक्सेस दोस्रो रनर अप, नामफुङ्ग समूहलाई प्रिन्सिपल च्वाइस विधाबाट पुरस्कृत गरिएको छ । प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई क्रमशः ३५ हजार रुपैयाँ, २५ हजार रुपैयाँ, २० हजार रुपैयाँ र १० हजार रुपैयाँ नगदसहित पुरस्कृत गरिएको हो । प्रतियोगिताको निर्णायक अस्मिता खतिवडा रहनुभएको थियो ।

हेटौंडा-४ स्थित भूटनदेवी माध्यमिक विद्यालयको अक्षरारम्भ कार्यक्रममा ४९ जना बालबालिकाले अक्षरारम्भ गराएको प्रधानाध्यपक माधव दाहालले जानकारी दिनुभयो । हेटौंडा-५ स्थित जीएस निकेतनमा ५० जनाले अक्षरारम्भ गराएको सहायक प्रधानाध्यापक दीपक गौतमले जानकारी दिनुभयो । यस्तै, हेटौंडा-४ स्थित श्रमिक माध्यमिक विद्यालयमा ३७ जनाले अक्षरारम्भ गराएको प्रधानाध्यापक श्रीराम दाहालले जानकारी दिनुभयो । हेटौंडा-१६ स्थित जनप्रिय माविमा अक्षरारम्भ गराउन आउने बालबालिकाको संख्या ५५ जना रहेको प्रधानाध्यापक भुपेन्द्र चौलागाईंले बताउनुभयो ।

मकवानपुरको सबैभन्दा धेरै विद्यार्थी अध्ययन गर्ने मकवानपुर बहुमुखी क्याम्पसमा पनि शिक्षक, विद्यार्थीलगायतले सरस्वती पूजा गरेका छन् । सरस्वतीलाई विद्याकी देवी मान्ने गरिएकाले सरस्वतीको पूजा गरेर पढाइ सुरु गरे ज्ञान र पढाइ राम्रो हुने जनविश्वास छ ।

# गाँजासहित मोटरसाइकल नियन्त्रण, चालक फरार

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रहरी कार्यालय बाराले ६२ किलोग्राम लागूऔषध गाँजासहित २ वटा मोटरसाइकल नियन्त्रणमा लिएको छ । आइतबार राति ९ बजेर ४० मिनेटको समयमा बाराको सुवर्ण गाउँपालिका-३, बकतौरास्थित नेपालबाट भारततर्फ जाँदै गरेको मोटरसाइकल नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

बा प्र ०२०४१ प ५७३७ नम्बरको मोटरसाइकल र ना ६३ प ३९८८ नम्बरको मोटरसाइकल चालक प्रहरीलाई देखी फरार भएका थिए । प्रहरीले मोटरसाइकलबाट ४ वटा पोकामा ६२ किलो ४ सय ग्राम लागूऔषध गाँजा बरामद गरेको थियो । मोटरसाइकल नियन्त्रणमा लिई चालकको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ ।

# भिरबाट लडेर माइलीमाया घाइते

समाज संवाददाता

हेटौंडाः मकवानपुरको कैलाश गाउँपालिका-९, दमारढुङ्गामा भिरबाट लडेर एक जना महिला घाइते भएकी छन् । घाइते हुनेमा ३७ वर्षीया माइलीमाया घलान रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

आइतबार बिहान ९ बजेको समयमा घलान घाँस काट्न जाँदा भिरबाट १५० मिटर तल खसेर गम्भीर घाइते भएकी थिइन् । घाइते घलाइनको मकवानपुर सहकारी अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

VACANCY ANNOUNCEMENT

MIHM MEGHA INSTITUTE OF HOTEL MANAGEMENT
The art of meeting your highest expectations

**Positions:** Receptionist/ Marketing staff/ Accountant (Only female candidate can apply)
**Location:** Megha Institute of Hotel Management, Hetauda-4, Sheetal Mahal Bhavan.
**Employment Type:** Full-time
**About Us:**
***Megha Institute of Hotel Management*** *is a leading institute dedicated to providing high-quality hospitality training, including Diploma in Culinary Arts, Barista, Sushi, Bakery, Bartender, Waitstaff, Housekeeping, Naan-Tandoori, and other cooking courses. We are looking for a dynamic and professional Receptionist, Marketing staff and an Accountant to manage operations and to support our administrative team.*
**Requirements:**
- *Minimum +2 levels completed (Priority for Hotel Management graduates).*
- *Proficiency in MS-Word, Excel, and Photoshop.*
- *Strong communication skills in both Nepali and English.*
- *Basic accounting knowledge (billing, record-keeping, cash handling).*
- *Pleasant personality with a customer-friendly attitude.*

**Responsibilities:**
- *Greet and assist students, visitors, and staff.*
- *Handle phone calls, emails, and inquiries professionally.*
- *Maintain student records, registrations, and course schedules.*
- *Perform basic accounting tasks (fee collection, record maintenance).*
- *Assist in preparing promotional materials using Photoshop.*
- *Support the management team in daily administrative tasks.*

**Benefits:**
- *Attractive salary based on experience.*
- *Professional growth opportunities.*

**How to Apply:** *Interested candidates can visit our office for direct application with their updated CV and a recent photograph.* **Application Deadline: 2081/10/28.**
For more details, contact us: 057-524042
**Join us and be a part of a dynamic hospitality training institute!**

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

## सम्पादकीय

# डम्पिङ साइटको व्यवस्थापन

सरसफाइ र स्वच्छता व्यवस्थित सहरको पहिलो आवश्यकता हो । स्वच्छ, सफा र हरियालीयुक्त वातावरणले सहज बजारलाई सुन्दर बनाउँछ । तर, नेपालका सबैजसो ठूला सहरहरु प्रदूषणयुक्त छन् । धुलो, धुवाँ र फोहोररहित सहर बनाउने कुरामै सिमित बनिरहेको छ । फोहोर व्यवस्थापनको विषयले हाम्रो संघ, प्रदेश र स्थानीय सरकारको सधैं टाउको दुख्ने गरेको छ । जहाँ समस्या, त्यहाँ समाधानको सूत्रलाई आत्मसाथ गरेर विश्वका कयौं ठूला सहरले प्रभावकारी फोहोर व्यवस्थापन गरिरहेका छन् । फोहोर व्यवस्थापनमा सफल भएका सहरहरुले गरे सम्भव हुँदोरहेछ भन्ने पुष्टि गरेका छन् । हाम्रा महानगर, उपमहानगर तथा नगरपालिकाहरु अधिकांशले डम्पिङ साइट र फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाउन सकेका छैनन् । सहरी क्षेत्रबाट निस्कने फोहोरमैला संकलन गरेर भीर, पाखा वा नदी किनारमा थुपार्नुलाई नै हाम्रा स्थानीय सरकारले फोहोर व्यवस्थापन बुझिरहेको छ ।

घर-घरमा गाडी लगेर सशुल्क फोहोर संकलन गरेर डम्पिङ साइटमा पुऱ्याउनुमात्र फोहोर व्यवस्थापन होइन । फोहोरमैला संकलन अघि र पछि उचित वर्गीकरण गरेर त्यसको अन्त्य गर्नु फोहोर व्यवस्थापन हो । यसका लागि फोहोरलाई संकलन सँगसँगै पुनःचक्रण, पुनःप्रयोग, प्रशोधनलगायत प्रक्रिया गर्नुपर्छ । फोहोरमैलालाई डम्पिङ साइटमा थुपारेर राख्नु हुँदैन । बागमती प्रदेशको एकमात्र उपमहानगरपालिका र प्रदेश राजधानीसमेत रहेको हेटौंडाको फोहोर व्यवस्थापन पनि लगभग डम्पिङ साइटमा थुपार्नेमै सिमित बनिरहेको छ । उपमहानगरपालिकाले निजी क्षेत्रसँगको साझेदारीमा नगर क्षेत्रबाट फोहोर संकलन गरेर राप्ती खोला किनारमा थुपार्ने काम गरिरहेको छ । यसरी थुपारिएको फोहोरले वातावरणमा पुऱ्याएको असरबारे उपमहानरपालिका गम्भीर देखिएको छैन । करिब दुई साताअघि मात्र डम्पिङ साइटमा थुपारिएको प्लाष्टिकजन्य फोहोरमा आगो लागेर चार दिनसम्म निभाउन नसक्दासमेत उपमहानगर नेतृत्व कानमा तेल हालेर बसेको छ ।

हेटौंडाको डम्पिङ साइट व्यवस्थापनमा देखिएको समस्यालाई दीर्घकालीन समाधान गर्न संघर्ष समिति बनाएर ध्यानाकर्षण गराइएको छ । आइतबार संघर्ष समितिले मकवानपुरका प्रमुख जिल्ला अधिकारी, हेटौंडा उपमहानगरपालिका नगर प्रमुख, डिभिजन वन कार्यालय हेटौंडा र वडा कार्यालयहरुमा ज्ञापनपत्र बुझाउँदै समस्या समाधानका लागि ध्यानाकर्षण गराएको छ । संघर्ष समितिले ३५ दिनभित्र समस्याको दीर्घकालीन समाधान नभए संघर्षका कार्यक्रम सार्वजनिक गर्ने तयारी गरेको छ । अव्यवस्थित डम्पिङ साइटका कारण हेटौंडाको वडा नम्बर १, ९, १० र ११ नम्बर वडाका विभिन्न बस्तीका बासिन्दालाई प्रत्यक्ष असर परेको भन्दै संघर्ष समिति बनाइएको हो । डम्पिङ साइटका कारण राप्ती खोलाको जलचर, वरपरका वन तथा वन्यजन्तुलाई पनि उत्तिकै असर परेको छ ।

हेटौंडालाई सफा सहर बनाउने भन्दै फोहोर व्यवस्थापनका आकर्षक नारासहितका अभियान र कार्यक्रमहरु सञ्चालन गरिएको थियो । करिब दुई दशकअघि नै प्लाष्टिकजन्य फोहोर अन्त्य गर्न "सुइरो" अभियान चलाएको हेटौंडामा प्लाष्टिकजन्य फोहोर नै सबैभन्दा बढी छ । फोहोरलाई मोहरमा परिणत गर्ने कुरा पनि प्रभावकारी कार्यान्वयनमा आएको छैन । कुहिने र नकुहिने फोहोर वर्गीकरण गरेर कुहिने फोहोरबाट जैविक मल बनाउने योजना पनि अलपत्र नै छ । नगरबासीसँग पैसा लिएर घरबाट फोहोर उठाएर लानेबाहेक फोहोरमैला र डम्पिङ साइट व्यवस्थापनमा उपमहानगरपालिका उदासिन बन्दा हेटौंडा दूषित सहर बन्दै गएको छ । फोहोरमैलाले वातावरण तथा पारिस्थितिक पद्दतिमा नकारात्मक असर पर्ने भएकाले सरसफाइप्रति थोरै भए पनि नगरबासीमा सचेतना बढेको छ । हेटौंडा उपमहानगरपालिकाले फोहोरमैलाको समस्यालाई सधैंको लागि अन्त्य गर्न उपयुक्त योजना बनाएर त्यसको प्रभावकारी कार्यान्वयन गर्दै डम्पिङ साइटको उचित व्यवस्थापन गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : विशिष्ट व्यक्तिहरुसँग मित्रता बढ्ने समय योग छ । |
| **वृष** | : कार्यलयीय जिम्मेवारी प्राप्त हुने समय योग छ । |
| **मिथुन** | : धार्मिक र सामाजिक काममा समय बित्ला । |
| **कर्कट** | : लेनदेनका काममा विशेष विचारणीय समय छ । |
| **सिंह** | : साझेदारीजन्य कर्मबाट विशेष लाभ होला । |
| **कन्या** | : सहयोगीहरुले साथ सहयोग प्रदान गर्नेछन् । |
| **तुला** | : बौद्धिक तथा दार्शनिक कामबाट धनार्जन होला । |
| **वृश्चिक** | : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ । |
| **धनु** | : स्वास्थ्यमा क्रमशः सकारात्मक संकेत होला । |
| **मकर** | : भोगविलासका काममा मन आकर्षित हुने समय योग छ । |
| **कुम्भ** | : अध्ययन–अध्यापन मध्यमकारक रहन्छ । |
| **मीन** | : अनाहकमा अबगाल आइपर्न सक्ने योग छ । |

# शिक्षक सेवा आयोगलाई लोक सेवा आयोग अन्तर्गत राख्दा हुन्न र ?



✍ **रमेश प्रसाद लामिछाने**

१. शिक्षा ऐन २०२८ को आठौं संशोधन, २०७३ दफा ११ "ख" मा आयोग गठन अन्तर्गत सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्विकृत दरबन्दि अनुसार रिक्त शिक्षक तथा कर्मचारी पदको नियुक्ति तथा त्यस्तो पदमा नियुक्त शिक्षक तथा कर्मचारीको बढुवाका लागि सिफारिस गर्न एक शिक्षक सेवा आयोग गठन हुने व्यवस्था भए अनुसार उक्त ऐनको दफा १९ ले दिएको अधिकारमा टेकेर शिक्षक सेवा आयोगको गठन भएको हो । योग्य, क्षमतावान र सक्षम शिक्षकको छनौट गरी यी व्यक्तिहरुलाई शिक्षक बनाउन उपयुक्त छ भनी नियुक्तिका लागि सरकारलाई सिफारिस गर्नु नै यस आयोगको मूल काम हो भन्दा अत्युक्ति नहोला । शिक्षा मन्त्रालयको जिम्मेवार अंगबाट कुन तहका कति जना कुन पालिकामा जरुरी छ भन्ने तथ्याङ्क संकलन गरी निर्धारित समय तालिका अनुसार लिखित परीक्षाहरु संचालन गरी सो को नतिजा प्रकाशन गर्ने र मौखिक परीक्षा सँगै आवश्यकता पर्दा प्रयोगात्मक परीक्षा समेतबाट शिक्षकको छनौट कार्य सम्पन्न गर्नु नै शिक्षक सेवा आयोगको प्रत्यक्ष बुझ्न सकिने काम भन्न सकिन्छ । अध्यापन अनुमतीपत्रका लागि आवश्यक परीक्षाका प्रक्रिया पूरा गरी शिक्षण सेवाका लागि ढोका खुल्ला गर्ने काम प्रारम्भिक चरणको जिम्मेवारी देखिन्छ । तहगत परीक्षाका लागि सान्दर्भिक र सामयिक पाठ्यक्रमको निर्माणको कार्य आयोगको महत्वपूर्ण काम भन्नै पर्दछ ।

२. स्तरीय शिक्षा हामी सबैको अभिष्ट हो, गन्तव्य हो, यसमा कतै बिमती छैन । स्तरीय शिक्षाका लागि शैक्षणिक क्रियाकलाप पनि स्तरीय हुनै पर्दछ । स्तरीय शैक्षणिक क्रियाकलापका लागि शिक्षक त झनै स्तरीय बन्नै पर्दछ । क्षमतावान, सक्षम, योग्य र लगनशील शिक्षक छनौटका लागि शिक्षक सेवा आयोग स्वयम् उदाहरणीय र स्तरीय हुनु अनिवार्य छ । स्तुती गान र पर्याप्त दक्षिणाको मार्गबाट छिरेका पदाधिकारीहरुमा राम्रा र असल शिक्षक छनौटसँग कुनै सम्बन्ध हुँदैन । सामान्य औपचारिकताका धर्म निर्वाह गरी आफ्ना मालिक रिझाउनमा तल्लिन हुनेहरुबाट थप अपेक्षा नै बेठीक सावित भैसकेका छन् । पढाउने हैन, सिकाउने शिक्षक चाहिन्छ भन्नेहरु अनि परम्परागत हैन, आधुनिक तथा विश्व भुमण्डलीकरणलाई चित्रण गर्न सक्षम शिक्षक आजको आवश्यकताको रटान दिनेहरु नै विपरित व्यवहार गरिरहेका कारणले हाम्रो शिक्षा व्यवस्था समस्याग्रस्त बनेको भन्नै पर्दछ । भनाई एउटा र गराई अर्को नै स्तरीय शिक्षाको बाधक तत्व हो । नियत, कारक बन्ने गरेको इतिहास हामी भुल्न सक्दैनौं । शिक्षक सेवा आयोगको सक्षमता र प्रभावकारिताबाट मात्र सही अर्थमा शिक्षक जस्ता शिक्षक छनौट हुने विश्वास गर्न सकिन्छ । नाम मात्रका जागिरे शिक्षकबाट स्तरीय शिक्षाको कल्पना सार्थक नहुने स्पष्ट छ । शिक्षक सेवा आयोगलाई शिक्षा सेवाको नाममा संवैधानिक बनाईनु पर्दछ भन्दै आएको आधा शताब्दी बितिसकेको छ । वर्तमान संविधानमा दर्जनौं आयोगहरु अटाए तर शिक्षा आयोग संवैधानिक बनाऔं भन्ने कोहि भएन । यो दुर्भाग्यपूर्ण भन्नै पर्दछ ।

३. दक्ष जनशक्ति नै देश निर्माणका आधार हुन् । हामी समृद्ध नेपालको सपना देखिरहेका छौं । विकसित राष्ट्र घोषित गर्ने समयसीमा तोकिसकिएको छ । यो महत्वपूर्ण समयमा जनशक्तिको मूल्याङ्कन र परिचालनका लागि मानव संसाधनको कामले पहिलो प्राथमिकता पाउनै पर्दछ । 'राईट म्यान राईट प्लेस' को नारा कार्यान्वयनमा बिलम्व हुने हो भने हाम्रा योजनाहरु कहिल्यै सार्थक हुने छैनन् । नेपालमा कर्मचारी छनौटका लागि हालसम्म कम विवादित लोक सेवा आयोग नै हो भन्दा अत्युक्ति नहोला । लोक सेवा आयोगको भिन्न पहिचान नै यस प्रतिको विश्वास देखिन्छ । कर्मचारीको छनौट र बढुवाका परीक्षाहरुमा लोक सेवा आयोगले देखाएको विश्वसनियता कम आलोच्य रहेकोमा शंका छैन । यद्यपि, आरक्षित कोटाहरुका कारणले नकारात्मक चर्चा पनि नसुनिएको भने होईन, जुन नीतिगत पक्ष आयोगको सीमा भन्दा बाहिरको कुरा हो । लोक सेवा आयोगले आफुलाई समयानुकुल र सान्दर्भिक बनाईरहेको भनिरहे तापनि जनशक्ति छनौटका प्रक्रियाहरु परीक्षाका पाठ्यक्रम, वस्तुगत तथा विषयगत प्रश्नहरु, परीक्षा प्रणाली, उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन, मौखिक परीक्षाका सीमाहरु, प्रयोगात्मक परीक्षा समेतमा थप निखारपनसहित परिमार्जनको जरुरी महसुस गरिएको छ । लोक सेवा आयोग संवैधानिक निकाय भएकाले पनि जनमानसमा बढि विश्वास जित्न सफल भएको हुन सक्छ ।

४. शिक्षक सेवा आयोगले पछिल्ला वर्षहरुमा अध्यापन अनुमतीपत्रका लागि लिइने परीक्षा र शिक्षक छनौटका चरणगत परीक्षाहरु कार्यतालिका अनुसार संचालन गरी समयमै नतिजा प्रकाशन गरेको कामलाई प्रशंसा गर्नै पर्दछ । शिक्षक बढुवाका परीक्षाहरु पनि बेलैमा सम्पन्न भएका छन् । यो सकारात्मक पक्ष हो । सँगै, प्रत्येक नतिजा प्रकाशनमा शिक्षकहरुबाट पुनरावलोकनका लागि गुहार्ने स्थिति र उजुरी पश्चात नतिजा सच्चिएर आउने अवस्था भने गम्भिर रुपमा लिनै पर्दछ । एकाध मानवीय त्रुटी सबैले बुझ्ने कुरा हो । तर, प्रत्येक लिखित परीक्षा र बढुवाका नतिजाहरु नसच्चिएको बिरलै भेटिन्छ । यो राम्रो भन्न सकिँदैन । यसै पक्षलाई जोडेर शिक्षा सेवालाई संवैधानिक बनाइयोस भनेको हो । शिक्षक सेवा आयोगको अबको अवस्था हाल झैं केन्द्रमा मात्र रहने वा प्रदेश तथा स्थानीय तहमा समेत जाने हो, सो निश्चित छैन । यो आयोग संघीय हुनुपर्दछ । स्थानीय तहबाट आवश्यक संख्याको जनशक्ति माग विवरण लिई केन्द्रियस्तरबाट जनशक्ति छनौट र सिफारिस गर्दा शुद्धताको अपेक्षा गर्न सकिन्छ । सँगै, आयोगलाई थप सवल, सक्षम, योग्य र स्वायत्त निकाय बनाएर मात्र खोजेको जस्तो शिक्षक छनौट गर्न सकिने विश्वास गर्न सकिन्छ ।

५. पहिलो शर्त, शिक्षक सेवा आयोग संवैधानिक बनाउने नै हो यस्मा कतै कसैले पनि सम्झौता गर्नै हुँदैन । दोश्रो शर्तमा मात्र, यदि शिक्षा सेवालाई संवैधानिक बनाउन मिल्दै नमिल्ने हो भने शिक्षक छनौट र सिफारिसको काम लोक सेवा आयोगले गर्ने गरी व्यवस्था मिलाउँदा पनि अन्यथा हुँदैन । सतहमा देख्दा प्राथमिकतामा नपरेको यो काम अब गम्भिर रुपमा लिनै पर्दछ । विद्यालय शिक्षा ऐन नयाँ आइरहँदा यो विषयले स्थान पाउनै पर्दछ । जिम्मेवार अंग र पदाधिकारीहरुले शिक्षक सेवा आयोगलाई सघन बहसको विषय बनाएर मात्र निश्कर्षमा पुग्न सकिन्छ । लामो कालखण्ड अर्थात एउटा पुस्ता पश्चात परिमार्जित स्वरुपमा शिक्षा ऐनले पदार्पण गर्दाको पूर्वसन्ध्यामा शिक्षक सेवा आयोगको स्थान र व्यवस्था किटानी गर्नै पर्दछ । यदि लोक सेवा आयोगबाटै शिक्षक छनौट र बढुवाका काम हुँदा शिक्षा प्रशासनका कर्मचारीहरु पनि सोहि आयोगबाट सिफारिस भैरहनुलाई सकारात्मक रुपमा लिन सकिन्छ । सम्भव भएसम्म, सरकारी अंगका सबै जनशक्ति छनौटको जिम्मेवारी लोक सेवा आयोग मार्फत गर्दा वैज्ञानिक र प्रभावकारी बन्न सक्दछ । यो विषयको उठान चर्चा र बहसमा मात्र सीमित होइन, प्रभावकारिताका लागि जिम्मेवार बनी उत्तम निकास दिने अपेक्षा गरिएको छ ।

# किन गुन्जदैन– 'केपी बा, आई लभ यु ?'



✍ **डा. अतीन्द्र दाहाल**

केपी शर्मा ओली अर्थात् 'केपी बा', अहिलेका प्रधानमन्त्री । आफ्नो जीवनकालमा चौथोपटक प्रधानमन्त्री । बहुदलीय व्यवस्थाको पछिल्लो ३५ वर्षमा अलिक लामो समय कुर्सीमा विराजमान हुन पाएका दुईमध्येका एक नेता । राजनीतिका चतुर, अब्बल तर परिपक्व क्याप्टेन । उनीसँगको अनावश्यक टक्करकै कारण माधव नेपाल देश नेपालमा निरिह बने । झलनाथ, घनश्याम तथा भीम रावलहरु विचरा भए । अविछिन्न अस्थिरता र जादुमयी नम्बरको हुँकारले भरिएर हावामा उड्दै गरेको एउटा बेहोसी तथा दिवालिया बेलुन प्याट्टै फुट्यो । बरा वामदेव अहिले दोबाटोमा सहाराविहीन छन् ।

बेलाबेला 'सर्जिकल स्ट्राइक' गरेर राजनीतिक वृत्तलाई नै तरंगित पार्ने अद्भुत व्यक्ति । राजतन्त्र फाल्ने हुटहुटीमा गणतन्त्रको लडाइँ लडे पनि आफूलाई चाहिँ राजनेता भनेर गाइने महिमामण्डनले खासै तृप्त नभएका नेता । सामाजिक सञ्जालमा ६ लाखभन्दा बढी अनुगामी भएका व्यक्ति । उनको संक्षिप्त परिचय सायद यस्तै हुन सक्छ । उनी पछिल्लो ६ महिनादेखि प्रधानमन्त्री छन् ।

बिरलै तादात्म्यता हुने उनको गराइ र बोलाइमा मेल खायो भने अबको १८ महिनामा उनले सत्ता छाड्नेछन् । देश इतिहासकै उच्च असहज परिस्थितिमा रहेका बेला दोस्रो संविधानसभाको दोस्रो प्रधानमन्त्रीका रूपमा संविधान निर्माणपछि उनले सत्तारोहण थाले । छिमेकी मात्र होइन, स्वदेशीकै समेत चर्को आलोचना, प्रायोजित असहयोग अनि कुटिल कटाक्ष खेपेरै पनि नेपालीको स्वाभिमानलाई उच्च राखे । देशको समुचित प्रगति अनि नागरिक अपेक्षित समृद्धिका योजना सुनाए । पूर्व-पश्चिम रेल, पाइपबाट तेलदेखि हावाबाट बिजुली अनि पाइपबाट ग्यास तथा नेपालका पानीजहाजसम्मको कल्पना गरे । यिनै रोमाञ्चक कुराले निर्माण गरिदियो, एउटा उम्दो भाका– 'केपी बा, आई लभ यु' ।

उनका पार्टीका कार्यकर्ता लगायत केही शुभचिन्तकले सार्वजनिक माहोलमै गाएर उनलाई उक्साइदिए । उनी एक यस्ता भाग्यमानी प्रधानमन्त्री पनि हुन् कि जतिपटक सत्तारोहण गरे त्यति नै पटक नागरिक भावनालाई एकीकृत गर्न केही न केही संवेदनात्मक विषय उठाउन माहिर भए । पहिलोपटक नाकाबन्दीविरुद्ध स्वाभिमान, दोस्रोपटक चुच्चे नक्सा र अहिले संविधान संशोधन ।

ओलीका कल्पनाको तत्काल सम्भावना त थिएन होला तर पुरै असम्भव भने थिएनन् । विकास स्वतः हुने पक्ष होइन, कल्पना पनि गर्न सक्नुपर्छ । जाँ बद्रिलार्ड आफ्नो पुस्तक 'द सिमुलाक्रा एन्ड सिमुलेसन'मा कल्पनालाई सत्यताभन्दा पनि शक्तिशाली सम्झन्छन् । राइट ब्रदर्सले पनि पहिले कल्पना गरे अनि हवाईजहाज बनाए । अमेरिकाले पहिले चन्द्रमामा मानव अवतरण गर्ने कल्पना गऱ्यो र पछि निल आर्मस्ट्रङलाई त्यहाँ पठायो । कम्तीमा सपना नै नदेखे कसरी पूरा हुन्छ ? त्यही भएर हुन सक्छ, नागरिकले निर्वाचनमार्फत पटक-पटक ओलीका सपनालाई अनुमोदन गरे । सपना खोज र सार्थक गरेर देखाउ भनेर सहजता जुटाइदिए । 'केपी बा, आई लभ यु' भन्ने समूह बढ्दै गयो । भन्न नचाहने पनि सुनेरै एलर्जी हुने अवस्थाबाट माथि उठे । सुरुसुरुमा निकै असहज लाग्ने कानलाई पनि बिस्तारै पाच्य हुन थाल्यो । जब आमसमूहका लागि 'केपी बा, आई लभ यु' अभ्यस्त भएको थियो, अबचाहिँ यस्तो वाक्यांश सुन्नै छाडियो । केपी बा अन्तै अल्झिन थाले, नागरिकका निराशा बल्झिन थाले ।

समृद्ध नेपालको सपना देखाएका पात्र प्रधानमन्त्री भए पनि देशको झन्झन् बर्बादीको दिशातिर लम्किरहेको यात्रा रोकिएको छैन । चरम बेरोजगारी, बेइमानी, गरिबी, अन्याय, अत्याचार, दण्डहीनता, भ्रष्टाचार, मूल्यवृद्धि अलिकति पनि हटेन । नागरिकलाई सुख, मनोरञ्जन, न्याय, संगति, सभ्यता र सुशासनको खासै अनुभव भएन । विश्वसामु नेपाल एउटा सबल, सक्षम र उदाहरणीय मुलुक बन्ने आधार आएन । छिमेकीप्रति सन्तुलित नीति बनाउन उनले लिएको प्रयास त्यति फलदायी भएको देखिँदैन । रोजगारी निर्माण, गरिबी निराकरण, शिक्षा, स्वास्थ्य, सामाजिक न्याय अनि नागरिक जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने विकास गतिविधिमा उनले अपेक्षित फड्को मार्न सकेनन् ।

विश्वराजनीतिको नजिरलाई नियाल्दा यो स्पष्ट हुन्छ कि गरिबीले च्यापुन्जेल संसारका कुनै पनि राजनीतिक सिद्धान्त तथा दर्शनले जनतालाई परिवर्तनको आभास दिँदैन । आर्थिक अवस्था सबल भएमा कुनै पनि राजनीतिक सिद्धान्त आफैँमा अफापसिद्ध हुँदैन । आर्थिक सफलता र प्रगति अन्य सबै प्रगतिको साध्य र साधन दुवै हो तर आर्थिक सूचक समेत चलायमान हुन सकेनन् । बैंकमा तरलता अधिक छ, उद्योगमैत्री सोच खस्कँदै छ । कोही पनि लगानी गर्न विश्वस्त छैन । व्यापार घाटा अकासिँदो अनि सार्वजनिक ऋणको बोझ भयंकर बन्दै छ ।

ओलीले आर्थिक असमानता र अधोगतिलाई विस्थापित गर्ने महत्त्वाकांक्षी बाटो बनाउनुपर्थ्यो । दैनिक दुई हजारको हाराहारीमा बिदेसिने युवालाई देशमै भविष्य देखाउनु थियो । भीमकाय दुर्घटना उन्मुख विप्रेषणमा आधारित अर्थतन्त्रलाई स्वः उत्पादनमा रुपान्तरण गर्नु थियो । अधिकांशलाई दुई छाक जुटाउन समस्या पर्ने पीडादायी अवस्थाबाट मुक्ति दिनु थियो । बढ्दै गएको जीवन निर्वाह प्रतियुनिट खर्च र आम्दानीबिच तादात्म्यता राख्न नागरिकलाई सामर्थ्यवान बनाउनुपर्थ्यो । शून्य वा नकारात्मक दिशामा गएका गुणस्तरीय जीवनका अधिकांश सूचकलाई उच्च रफ्तारमा सकारात्मक बनाउने अभ्यास लगाउनु थियो । आर्थिक अभावमा कैयौँ सपनालाई भारी कटौती गर्नुपर्ने समय समाप्त पार्नु थियो । नागरिक दिनचर्याको सकारात्मक सुधारले राजनीतिका सफलता वा असफलताको मापन गर्ने अभ्यास

...बाँकी पृष्ठ ३ मा

# जनताको भावनालाई ठूला राजनीतिक दलका नेताहरु र सरकारले गम्भिरताका साथ हेर्नुपर्छ

बागमती प्रदेशसभा ७ वर्ष पूरा भएको छ । संघीयता कार्यान्वयनसँगै २०७४ मंसिरको निर्वाचनपश्चात् संविधानको धारा १७५ बमोजिम तत्कालीन प्रदेश नम्बर ३ को ११० सदस्य प्रदेशसभाको गठन भएको थियो । प्रदेशसभामा प्रत्यक्ष निर्वाचनबाट ६६ जना र समानुपातिकतर्फबाट ४४ जना गरी कुल ११० जना सदस्य हुने व्यवस्था छ । बागमती प्रदेशसभाको पहिलो बैठक तत्कालीन प्रदेश प्रमुख अनुराधा कोइरालाले २०७४ माघ १८ का लागि बोलाउनुभएको थियो । जेष्ठ सदस्यको रुपमा नेकपा एमालेका सांसद डोरमणि पौडेलको अध्यक्षतामा बैठक सञ्चालन भएको थियो । सोपश्चात् पौडेलले सरकारको नेतृत्वको अवसर पाउनुभयो भने संसदको सभामुख एमालेका सानुकुमार श्रेष्ठ र उपसभामुख राधिका तामाङ हुनुभयो ।

२०७९ को निर्वाचनपछि संसदको सभामुखको जिम्मेवारी राप्रपाका नेता भुवनकुमार पाठकले लिनुभएको छ । उहाँ आवद्ध दल संघीयताको खरो विरोधी हो । तर, उहाँ पदमा रहेर काम गर्दै गर्दा संघीयता कार्यान्वयनको सवालबारे खासै टीकाटिप्पणी गर्नुहुन्न । उहाँ वर्तमान व्यवस्थामा नै रहेर आलोचनात्मक विरोधमा लाग्नुपर्ने बताउनुहुन्छ । हाल राजनीतिक दलबाट अलग भएर सभामुखको जिम्मेवारी र दायित्व पूरा गर्न आफू केन्द्रित रहेको उहाँले बताउनुभयो । बागमती प्रदेशसभाले ७ वर्ष पूरा गरेको सन्दर्भमा संसद र संघीयताको सवालमा सभामुख पाठकसँग समृद्ध समाजका लागि गणेश दुलालले गर्नुभएको कुराकानी:

**समाज: सभामुख पदमा २ वर्षको कार्यकालमा तपाईंको अनुभव कस्तो रह्यो ?**
**पाठक:** यो मेरो पृथक अनुभव हो । राजनीतिमा लागेको मानिस मन्त्री बन्नु स्वभाविक हो । तर, सभामुख पनि हुन्छु भन्नेचाहिँ कल्पनामा थिएन । घटना, परिस्थितिले सभामुख बनायो । यो अनुभव हरेक दृष्टिकोणले मेरो लागि ठूलो र नयाँ हो । हालसम्मको कार्यसम्पादनमा सुखद् अनुभव रहेको छ ।

**समाज: प्रत्यक्ष राजनीति गर्दा र सभामुख पदमा रहेर काम गर्दा के फरक पाउनुभयो ?**
**पाठक:** प्रत्यक्ष राजनीतिमा रहँदा आफूलाई उचित लागेको विषयमा बोल्न पाइने हुन्छ । अहिले म कुनै राजनीतिक दल र पदमा छैन । सभामुख राजनीतिक पदभन्दा माथि छ । यो संवैधानिक पद हो । यसको गरिमा र जिम्मेवारीले छुट्टै महत्व राख्दछ । सबै राजनीतिक विचारधारा भएका मानिसहरु प्रदेशसभामा हुनुहुन्छ । सभामुख पदमा रहेपछि मेरो दायित्व सबैको भावना सुन्ने र सन्तुलितरुपमा प्रस्तुत हुने हुन्छ । म सभामुख भएको दिनबाट कसैप्रति आग्रह/पूर्वाग्रह देखाउनु हुँदैन भन्ने धारणा लिएको थिएँ । मलाई लाग्छ, मैले २ वर्षको अवधिमा उक्त विषयलाई कायम राखेको छु ।

**समाज: प्रदेशसभाको पहिलो कार्यकाल बढी प्रभावकारी रहेको थियो र दोस्रो कार्यकालमा कानुन निर्माण, संसदका गतिविधिहरू सुस्तायो भन्ने पनि छ नि ?**
**पाठक:** मैले पहिलो पटक प्रदेशसभामा प्रतिनिधित्व गरेको हो । पहिला कस्तो थियो मलाई महसुस भएन । विगत र हालको तुलना गर्नु हुँदैन भन्ने मेरो धारणा छ । आफ्नो दायित्व इमान्दारीपूर्वक निर्वाह गर्नुपर्छ । हामीले धेरै कुराहरु परिवर्तन गर्ने प्रयास गरिरहेका छौं ।

**समाज: नतिजालाई मूल्याङ्कन गर्ने हो भने पहिलो कार्यकाल २/३ वर्ष राम्रो प्रगति भएको अवस्था थियो । दोस्रो कार्यकालको २ वर्ष हेर्ने हो भने जम्मा १२ वटा कानुन निर्माण भएका छन्, त्यसमा पनि २ वटा विवादित विषय नै छ । संसदको अधिकांश समय सरकार गठनमा केन्द्रित देखिन्छ । यसलाई कसरी मूल्याङ्कन गर्नुभएको छ ?**
**पाठक:** पहिलो कार्यकाल नयाँ थियो । भर्खरै स्थापना भएको प्रदेश सरकारले आफ्नो संरचना निर्माण गरी काम अघि बढाउनुपर्ने जिम्मेवारी थियो । त्यस समयमा थुप्रै कानुनको आवश्यकता थियो । सोहीअनुसार प्रदेश सरकारले तत्कालीन समयमा कानुन निर्माण र कार्यान्वयन तथा विकास निर्माणसँगै सेवा प्रवाहको लागि काम गरेको देखिन्छ । अहिलेको घटनाक्रम परिस्थितिअनुसार बनेका कानुन र विकास निर्माणका आयोजनाहरु तथा सेवा प्रवाहका विषयहरुलाई परिमार्जन गर्दै लैजानुपर्ने जिम्मेवारी छ । अझै १५/२० वटा कानुन आवश्यक देखिन्छ । किनभने हाम्रो जीवनको हरेक पक्षमा कानुन जोडिएको हुन्छ । कानुन एक प्रकारको जीवन पद्धति हो । संविधान मुल कानुन हो, जो लेखिएको विषय हो । संविधानका विषयहरुलाई कानुनबाटै कार्यान्वयन गर्नुपर्ने हुन्छ । त्यही भएर कानुन कहिल्यै पनि टुङ्गिँदैन । विगतमा बनेका कतिपय कानुन परिमार्जन गर्दै लैजानुपर्ने अवस्था छ । कानुनलाई हरेक ५ वर्षमा परिमार्जन गर्नुपर्छ । अहिलेको संसदको महत्वपूर्ण कामको रुपमा उत्तर विधायिका परीक्षणको कुरा आइरहेको छ । प्रदेश सरकारले बनाएको कानुन साँच्चिकै कार्यान्वयन भयो कि भएन भनेर अध्ययन गर्नुपर्नेछ । कानुनको कमी कमजोरीलाई सुधारको आवश्यकता छ । त्यसमा काम गर्नुपर्ने अवस्था छ । त्यसका लागि प्रदेशसभाले गत वर्षदेखि काम थालेको छ । गत वर्ष जिल्लाहरुमा पुगेर कानुन कार्यान्वयनको अवस्थाबारे बुझ्ने काम गरेका थियौं । यस वर्ष हामीले गाउँपालिका र नगरपालिका पुगेर अवस्था बुझ्ने काम गरेका छौं ।

**समाज: सभामुखज्यू, कानुन कार्यान्वयनको अवस्थाबारे चर्चा गर्नुपूर्व प्रदेशसभाले पहिलो कार्यकालको जस्तो गति लिन नसक्नुको कारण के बुझ्नु भएको छ ?**
**पाठक:** जहाँसम्म कानुन निर्माणको कुरा छ, त्यसमा सरकारको सक्रियता महत्वपूर्ण हुन्छ । मुख्यत: कानुन सरकारले बनाउने हो । सरकारले कानुन निर्माणका लागि संसदमा विधेयक दिएपछि प्रक्रिया अघि बढाउने हो । सरकारले विधेयक दिएपछि त्यो कानुन निर्माणको प्रक्रिया अगाडि बढ्छ । संसदको भूमिका पनि सिमित रहेको छ । त्यहि सिमित भूमिकामा रहेर काम गर्दा संसदको गति कम देखिएको हो । सरकारले सक्रियता दिन नसक्दा संसदको काम कम देखिएको हो ।

**समाज: तपाईंको भनाइको आशय संसदमा राजनीतिक दलको प्रत्यक्ष छायाँ पर्दा कमजोर भएको हो त ?**
**पाठक:** संसद भनेको नै राजनीतिक दलको प्रतिनिधित्व हो । तर संसदलाई जति प्रभावकारी बनाउनु पर्ने हो, त्यो हुन सकेको छैन । संसद कानुन निर्माणको थलो हो । सांसद भनेको कानुन निर्माता हुन् । तर, हाम्रो निर्वाचन पद्धतिअनुसार सांसदहरुलाई अप्ठेरोमा पारेको छ । किनभने चुनावमा भाग लिन निर्वाचन क्षेत्रमा जानुपर्छ । जनताको मत लिन जानुपर्छ । त्यस समयमा सांसदहरुले जनतालाई प्रतिबद्धता गर्नुपर्छ । निर्वाचन प्रणालीका कारण कानुन निर्माण र विकास निर्माणको काममा सांसदहरुले ध्यान दिनुपर्ने अवस्था छ । यसो हुँदा विकास निर्माणको पक्षले कानुन निमार्णको पक्षलाई दबाएको जस्तो देखिन्छ । जनताले विकास निर्माण खोजिरहेका हुन्छन् । उहाँहरुले गरेको कमिटमेन्टका कारण विधायकी भूमिकाभन्दा बजेट कार्यक्रममा बढी ध्यान गएको हो कि भन्ने अनुभव भइरहेको छ ।



भुवन कुमार पाठक
सभामुख, बागमती प्रदेश सभा

**समाज: हामीले देखिरहेका हुन्छौं, संसदमा सांसदहरूको उपस्थिति नभएको । सांसदहरूले आफ्नो भूमिका नबुझेको वा प्रदेशसभाले बुझाउने कोसिस नगरेको हो । सांसदको भूमिका सशक्त बनाउने विषयमा कमजोरी कहाँ रह्यो ?**
**पाठक:** मुख्य कुरा राजनीतिक दलको भूमिका हो । जसको सांसदहरुले प्रतिनिधित्व गरिराख्नु भएको राजनीतिक दलले संसदीय भूमिकालाई पालना गर्नुपर्छ । त्यो विषय राजनीतिक दलबाट भयो या भएन ? अर्को सांसद स्वयम्ले पनि आफ्नो ध्यान केन्द्रित गर्नुपर्छ । संसदको नियमावलीको व्यवस्था अध्ययन गर्ने र पालना गर्नु सांसदको भूमिका हो । किनभने हरेक सांसदहरुले आफ्नो व्यक्तित्व विकास गर्ने यो ठूलो अवसर हो । मैले पहल गरेको कुरा भनेको सांसद बढिभन्दा बढि जनताको विषय र समस्याको विषयमा संसदमा पुगोस् भन्ने हो । सांसदहरुको भूमिका पारदर्शी होस् । सांसदहरुको भूमिकालाई सशक्त बनाउन हामीले संसद बैठक विभिन्न माध्यमबाट प्रत्यक्ष प्रसारण गरेका छौं । जो सांसदले भूमिका निर्वाह गरिरहनु भएको विषय जनताको निगरानीमा पुऱ्याउने काम प्रदेशसभाले गरिरहेको छ । सांसदहरुको भूमिकालाई थप बलियो बनाउन उहाँहरुलाई अभिमुखीकरण गर्ने कार्य निरन्तर भइरहेको हुन्छ । धेरै माननीयहरुको राम्रो प्रस्तुति पनि छ । यतिले मात्र नपुगेको महसुस गरेर हामीले माघ २३, २४ र २५ गते निर्वाचन क्षेत्र केन्द्रित संसद गर्दैछौं । त्यो दिन हरेक निर्वाचन क्षेत्रको माननीयहरुले नागरिकको समस्या के छ ?, आवश्यकता के हो ?, कस्ता योजना किन आवश्यक छ ? र त्यसका लागि सरकारले के गर्नुपर्ने हो ? जस्ता विषयमा छलफल गर्नेगरी अघि बढेका छौं । नागरिकको विषयलाई सम्बोधन गर्न सरकारलाई बाध्यकारी गराउने गरी सांसदहरुको भूमिका बढाउनेतर्फ काम भइरहेको छ ।

**समाज: कानुन कार्यान्वयनको विषय जिल्ला, स्थानीय तहसम्म पुगेर बुझ्नुभएको छ । के अवस्था पाउनु भयो ?**
**पाठक:** संसदले विधेयकबाट कानुन बनाएर राजपत्रमा प्रकाशन भइसकेपछि कुनै पनि व्यक्तिले मलाई थाहा छैन भन्न पाउँदैन । तर धेरै जनतालाई थाहा हुँदैन । अहिले सबैभन्दा महत्वपूर्ण विषय हामीले शिक्षित गर्नुपर्ने अवस्था छ । मैले गरेको प्रयासमा ३ वटा पक्ष त्यसमा समावेश हुनुपर्छ । सरोकारवालाहरु, विज्ञहरु र जनप्रतिनिधिहरुलाई कानुन निर्माणमा जोडेर काम गर्नुपर्ने हुन्छ ।

**समाज: केही व्यक्ति तथा समूहहरू प्रदेश खर्चिलो भयो, प्रदेश चाँहिदैन भनेर व्याख्या गरिरहेका छन् । तपाईंको बुझाइ के हो ?**
**पाठक:** यसको आवश्यकता र औचित्यको पुष्टि जो जिम्मेवारीमा छ, उनीहरुले क्रियाकलापले निर्धारण गर्छ । कुनै पनि संरचना नराम्रो हुँदैन । तर, यसको आवश्यकता र औचित्य पुष्टि गर्ने जिम्मेवारी नेतृत्वमा रहेकाहरुको नै हो । उनीहरुले नतिजा राम्रो दिए भने त्यसको आवश्यकता र औचित्य पुष्टि हुन्छ । नतिजा दिन सकेनन् भने स्वभाविकरुपले प्रश्नहरु उठ्छ ।

**समाज: विगतको दिनमा तपाई पनि यस्तै प्रश्न गर्ने राजनीतिक दलको समर्थक हुनुहुथ्यो । अहिले वर्तमान व्यवस्थाको सभामुख पदमा हुनुहुन्छ । पदमा रहेर हेर्दा प्रदेश नचाहिने नै रहेछ त ?**
**पाठक:** विगतमा म एउटा राजनीतिक दलमा आवद्ध रहेर आएको हुँ । अहिले मेरो जिम्मेवारी फरक छ । अहिले म दलमा आवद्ध पनि छैन । म मेरो जिम्मेवारी निर्वाह गर्नमा केन्द्रित छु । जहाँसम्म राजनीतिक विषय छ, त्यसमा सन्तुष्टि असन्तुष्टिको विषय छन् । त्यो कुरामा मैले भन्नुभन्दा पनि जनताले भनिरहेका छन् । सबैले भनिरहनु भएको विषय स्वभाविक पनि छ । यो बहुदलीय व्यवस्था हो । प्रजातान्त्रिक व्यवस्था हो । सबै कुरामा प्रश्नहरु उठ्छन् । प्रश्नहरुको निराकरण पनि हुन्छ । अहिलेको संविधानको सुन्दर पक्ष भनेको राष्ट्रिय एकता, अखण्डता र सार्वभौमसत्ताबाहेक अरु सम्पूर्ण दफा उपदफा संशोधन हुन सक्छन् । पहिलेका संविधानहरुमा कतिपय कुराहरु बञ्चित गरेको थियो । जनताले चाह्यो भने जुनसुकै विषय पनि स्थापित हुनसक्छ र परिवर्तन हुन्छ भन्ने उदाहरण हामीसँग पर्याप्त छ ।

**समाज: सभामुख भएर काम गर्दै गर्दा तपाईंले यी विषयमा स्थानीय तहमा नागरिकको असन्तुष्टि वा केही नौलो अनुभव पाउनुभयो ? वा प्रदेशमाथि वितृष्णाको असर भोग्नुपर्ने बाध्यता रह्यो कि ?**
**पाठक:** जनाताको अपेक्षा धेरै छ । गर्नुपर्ने काम पनि धेरै छ । तर, सरकारले त्यसलाई सम्बोधन गर्न सकेको छैन । केहि राजनीतिक दलको आफ्नो मान्यताहरु हुन्छन् । त्यो मान्यतालाई स्वीकार गर्ने र अस्वीकार गर्ने पक्ष हुन्छन् । जनताको भावनालाई ठूला राजनीतिक दलका नेताहरु र सरकारले गम्भिरताका साथ हेर्नुपर्छ ।

**समाज: अन्त्यमा, अब प्रदेशसभाले गर्नुपर्ने मुख्य काम के हो ?**
**पाठक:** जुन ढङ्गले हरेक वर्ष बजेट ल्याउँछौं, त्यो बजेट पहुँच केन्द्रित भइरहेको छ । त्यसमा सुधार गर्नुपर्छ । महत्वपूर्ण अयोजनाहरु सञ्चालन गर्न सरकारलाई जिम्मेवार बनाउनुपर्छ । उत्पादन र रोजगारी उपलब्ध गराउने गरी सरकारको काममा संसदले सहयोग गर्नुपर्छ । हरेक दिन २ हजार मानिस विदेश गइरहेको अवस्था छ । युवाहरु विदेश जानु भनेको त दुर्भाग्य हो । युवाशक्ति विदेश गएपछि हाम्रो मुलुकलाई कसरी विकास गर्न सक्छौं । त्यसैले युवालाई यहाँ टिकाउन के प्रयास गर्ने त्यसमा प्रदेश सरकार र संसद गम्भिर हुन जरुरी छ ।

# मनहरीमा सोनाम ल्होछार सांस्कृतिक कार्यक्रम हुने

समाज संवाददाता

हेटौंडा: मकवानपुरको मनहरी गाउँपालिका-२, ठाडोखोलास्थित त्रिरत्न प्राथमिक विद्यालयको प्राङ्गणमा वृहत् सोनाम ल्होछार सांस्कृतिक कार्यक्रम हुने भएको छ । सोमबार पत्रकार सम्मेलनमार्फत् मन्जुश्री सम्वत् २८६१ डुल ल्हो (सर्प वर्ग) सोनाम ल्होछारको अवसरमा आगामी फागुन २ गते सांस्कृतिक कार्यक्रम हुने जनाइएको हो ।

शुभकामना आदानप्रदान तथा सम्मान, तामाङ विज्ञद्वारा संस्कृतिको जानकारी, तामाङ मौलिक भेषभुषा प्रदर्शन तथा सांस्कृतिक प्रस्तुति रहने मनहरी गाउँपालिका-२ नम्बर वडाका अध्यक्ष राजकुमार पाखिनले जानकारी दिनुभयो । चर्चित कलाकार विश्व दोङ, जितु लोप्चन, धिरेन लामालगायतको प्रस्तुति रहने कार्यक्रम संयोजक सन्देश थिङले बताउनुभयो ।

खेलकुद विकास समिति मनहरी-२ को आयोजनामा कार्यक्रम हुने बताइएको छ । कार्यक्रमका लागि २ नम्बर वडासहित मनहरी गाउँपालिका र विभिन्न संघसंस्थाको आर्थिक सहयोगमा हुने बताइएको छ । करिब ५ हजार जनाले अवलोकन गर्ने कार्यक्रमका लागि ५ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ ।

# सबैभन्दा बढी पुस्तक अध्ययन गर्ने विद्यार्थी पुरस्कृत

समाज संवाददाता

हेटौंडा: हेटौंडा-१८, खड्कुलेस्थित मकवानपुर बाल विद्या सदनको १८ औं अभिभावक दिवसमा सबैभन्दा बढी पुस्तक अध्ययन गर्ने विद्यार्थीलाई पुरस्कृत गरिएको छ । कक्षा-३ मा अध्ययनरत् दृश्य अधिकारीलाई 'बुक र्‍याक' हस्तान्तरण गर्दै पुरस्कृत गरिएको मकवानपुर बाल विद्या सदनका प्रिन्सिपल सुदीपराज गिरीले जानकारी दिनुभयो ।

सीप सिकाइ सातामा सहजीकरण गर्नुहुने प्रशिक्षक सपना ढुंगाना, विष्णु श्रेष्ठ, राजु अधिकारी, पम्फा पुरी, छवि अनित्य, प्रमिला सुनार र टीका थिङलाई सम्मानित गरिएको उहाँले जानकारी दिनुभयो । यस्तै, दिवसको अवसरमा शैक्षिक, खाना महोत्सव र पुस्तक प्रदर्शनी, सांस्कृतिक कार्यक्रम गरिएको प्रिन्सिपल गिरीले बताउनुभयो ।

हेटौंडा उपमहानगरपालिकाकी नगर प्रमुख मिनाकुमारी लामाले चेतनामूलक चित्रपुस्तक 'मेरो रातो' वाचन गर्नुहुँदै कार्यक्रमको उद्घाटन गर्नुभएको थियो । रजस्वला हुँदाको अनुभवलाई स्मरण गर्नुहुँदै उहाँले उद्घाटन कार्यक्रमको प्रशंसा गर्नुभयो । आमन्त्रित अतिथिलाई 'मायाको कोसेली' स्वरुप विद्यालयका विद्यार्थीले नै उत्पादन गरेको आलु र चामल प्रदान गरिएको थियो ।

सोही अवसरमा लेखक यशु श्रेष्ठसँग बालबालिकाहरुको पठन संस्कृतिका विषयमा छलफल समेत गरिएको छ । कार्यक्रममा हेटौंडा-१८ का वडाध्यक्ष अनिलकुमार बानियाँ, जिल्ला समन्वय समिति मकवानपुरका सदस्य विष्णुमाया थपलिया, निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन) मकवानपुरका अध्यक्ष विनोद सुवेदी, प्याब्सन हेटौंडा उपमहानगरपालिकाका अध्यक्ष रामकुमार श्रेष्ठलगायतको आतिथ्य रहेको थियो । विद्यालयमा ५ सयभन्दा बढी विद्यार्थी अध्ययनरत् छन् ।

## *किन गुन्जदैन...*


थालनी गर्नु थियो । सुस्पष्ट योजना, सशक्त संकल्प अनि निष्ठावान् समर्पण प्रदर्शन गर्नु थियो । यसो गर्न सकेको भए सायद अझै धेरैले 'आई लभ यु' भन्थे होलान् ।

लेखक टोमस पिकेटीको 'द प्राइस अफ इनइक्वालिटी' र जोसेफ स्गिल्जको 'द इकोनोमिक्स अफ इनइक्वालिटी'जस्ता पछिल्ला पुस्तकले अधिकांश देशमा उच्च र धनी थोरै व्यक्तिले अकुत अनि विशाल अनुपातका सामान्य नागरिकले ज्यादै न्यून अंशमा सम्पत्ति नियन्त्रण गरेको देखाउँछ । यस्तो विषमता चिर्न समतामूलक आत्मनिर्भर आर्थिक विकास हुनुपर्छ । ओलीले बन्द भएका सबै कलकारखाना पुन: सञ्चालनसहित हजारौं नयाँको तीव्र स्थापना र विस्तार गर्न खोजी गर्नुपर्थ्यो । निर्यातमुखी औद्योगिक गतिविधिको व्यापक प्रवर्धन गर्दै देशका एकाएक खनिजको उत्खनन अनि उपभोग गर्नु थाल्नु थियो । पछिल्ला शोधले नेपाल भूभागको हिसाबले विश्वको ०.०३ प्रतिशत मात्र अनुपात भए पनि स्रोत-साधनको हिसाबले झन्डै पाँच प्रतिशतको हैसियतमा रहेको देखाउँछ । बिम्सटेक सम्मेलनले समेत जोड दिएका पर्यटन, जलस्रोत, ब्लु इकोनोमी लगायत अन्य हरेक सम्भावनाको अधिकतम दोहनमा ध्यान लगाउनु थियो । भ्रष्टाचाररहित चुस्त-दुरुस्त प्रशासन अनि किफायती र नागरिकमुखी सेवाप्रवाह बनाउनु थियो । कम्तीमा अबको १० वर्षमा अल्प विकसितबाट मध्यमस्तरको विकासशील राष्ट्र बन्ने पक्षमा काम थालिनुपर्थ्यो । अरुसँग मागेर होइन, आफैं कमाएर खाने र अरुलाई पनि निर्यात गर्नेतिर लाग्नु थियो । ली क्वानको लक्ष्य 'फ्रम थर्ड वर्ल्ड टु फर्स्ट वर्ल्ड' र महाथिर मोहम्मदको अवधारणा 'द च्यालेन्ज'जस्ता प्रगतिशील योजनाको प्रभावकारी सम्पादनको सोच राख्नुपर्थ्यो ।

चौथोपटक मौका पाउँदा ओलीले यी पक्षमा सकारात्मक सुधारार्थ बढी ध्यान दिनुपर्थ्यो । चर्को मन्तव्यभन्दा नागरिकलाई अपेक्षित गन्तव्यको महत्व बढी थियो । तर सघन प्रतिफल दिन नसक्दा नागरिक विश्वास तथा सम्भावित साख गुम्दै छ । ओली अल्झँदै छन्, निराशा बल्झँदै छन् । असफल नै हुने योजना त होइन होला, सायद सही योजना बनाउनचाहिँ असफल भएका हुन् कि ? यसैले होला 'केपी बा, आई लभ यु' गुन्जनै छाड्यो ।

*(स्रोत: रातोपाटी)*

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# दोस्रो राष्ट्रिय नवसर्जक उत्सव हुने




समाज संवाददाता

हेटौंडाः नवसर्जक साहित्य चौतारी नेपाल केन्द्रीय समिति, हेटौंडाको आयोजनामा आगामी फागुन ९ र १० गते हेटौंडामा दोस्रो राष्ट्रिय नवसर्जक उत्सव २०८१ हुने भएको छ। समितिका संस्थापक/संरक्षक दीपक गौतमले शनिबार पत्रकार सम्मेलनमार्फत् बागमती प्रदेशको राजधानी हेटौंडालाई साहित्यिक पर्यटनको केन्द्र बनाउने उद्देश्यले उत्सव आयोजना गर्न लागेको जानकारी दिनुभयो।

पहिलो दिन सिर्जनात्मक लेखन कार्यशाला हुनेछ। जसअन्तर्गत मुक्तक, गजल, गद्य कविता, कथा, नाटक, निबन्ध (यात्रा संस्मरण), चित्रकला र लोकलयमा कविता लेखन गरी ८ विधामा कार्यशाला हुने उहाँले बताउनुभयो। दोस्रो दिन बहस, स्रष्टा सम्मान, राष्ट्रव्यापी गजल तथा रचना वाचन कार्यक्रम हुनेछ।

नवप्रतिभा प्रवर्द्धनमा विद्यालय र स्थानीय सरकार विषयक बहस हुने उहाँले जानकारी दिनुभयो। राष्ट्रव्यापी नवसर्जक (२५ वर्ष मुनिका) गजल प्रतियोगितामा उत्कृष्ट ३ जनालाई नगद ७ हजार रुपैयाँसहित पुरस्कृत गरिने गौतमले बताउनुभयो। ७ प्रदेशका ७ नवसर्जक प्रतिभालाई ७ हजार ७ सय ७७ रुपैयाँ नगदसहित प्रादेशिक नवप्रतिभा सम्मान प्रदान गरिने र एक जना अग्रज बाल साहित्य सर्जक वा अभियन्तालाई १५ हजार ५ सय रुपैयाँ नगदसहित लोकनाथ न्यौपाने स्मृति अग्रज बालसाहित्य सम्मान समर्पण गरिने संरक्षक गौतमले जानकारी दिनुभयो।

प्रादेशिक नवप्रतिभा सम्मान पुरस्कारका संस्थापक रमेशमोहन अधिकारी, डीबी बर्तौला, अर्चना दाहाल, जयन्ती आचार्य, प्रभा पौडेल र रुबिना शर्मा हुनुहुन्छ। यस्तै, लोकनाथ न्यौपाने स्मृति अग्रज बालसाहित्य सम्मानका संस्थापक बिष्णुप्रसाद न्यौपाने हुनुहुन्छ। सोही दिन नवसर्जक मुक्तक वाचन, नवसर्जक प्रतिभाका रचना वाचन, कृति प्रकाशन सम्मान, उत्कृष्ट प्रदेश समिति पुरस्कार, नवप्रतिभाका सांस्कृतिक नृत्य तथा गायन र प्रथम केन्द्रीय अधिवेशन पनि हुने उहाँले बताउनुभयो।

स्थापनाको ४ वर्षमा नै नवसर्जक साहित्य चौतारीले एक सय ५० भन्दा बढी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका बाल कवि गोष्ठी आयोजना गरिसकेको छ। हेटौंडा उपमहानगरपालिका, हेटौंडा ४ नम्बर वडा कार्यालय र भूटनदेवी माध्यमिक विद्यालयको आर्थिक व्यवस्थापन, निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन मकवानपुर र अन्य गैरसरकारी संस्थाको सहकार्यमा उत्सव हुन लागेको हो।

साहित्य उत्सवमार्फत् बागमती प्रदेशको विगतदेखिको सिर्जनात्मक पहिचानलाई थप नयाँ उचाइमा पुऱ्याउने विश्वास लिइएको छ। राष्ट्रियस्तरका साहित्यकारहरुको जमघट गराई हेटौंडामा नवसर्जकहरु उत्पादन गर्ने तथा पठन र लेखन संस्कृतिको विकास गरिने उद्देश्य रहेको संयोजक गौतमको भनाइ छ। कार्यक्रममा सातै प्रदेशका करिब ५० र हेटौंडा उपमहानगरपालिकाका सामुदायिक तथा निजी विद्यालयका करिब २ सय ५० जना नवसर्जक विद्यार्थी, साहित्यसेवी तथा साहित्यकार एक सय जना, शिक्षक ५० जनासहित करिब ४ सय जनाको सहभागिता रहनेछ।

# मिडियास्तरीय फुटसलको उपाधि पत्रकार महासंघलाई

समाज संवाददाता

हेटौंडाः मिडियास्तरीय फुटसल प्रतियोगिताको उपाधि नेपाल पत्रकार महासंघ जिल्ला शाखा मकवानपुरले जितेको छ। ५ औं संस्करणको रेडियो मकवानपुर कप मिडियास्तरीय फुटसल प्रतियोगिताको उपाधि पत्रकार महासंघको टिमले जितेको हो।

रेडियो मकवानपुरको १५ औं वार्षिकोत्सवको सप्ताहव्यापी कार्यक्रम अन्तर्गत सोमबार मकवानपुरगढी गाउँपालिका वडा नम्बर-३, मक्राञ्चुलीको फुटसल मैदानमा भएको फाइनल खेलमा पत्रकार महासंघले थाहा नवयुग मिडियालाई १२-० गोल अन्तरले पराजित गरेको हो। प्रतियोगितामा ८ वटा टिम दर्ता भए पनि केही टिम सहभागी भएका थिएनन्। प्रतियोगिता आयोजनाका लागि बागमती प्रदेश खेलकुद विकास परिषद् र हेटौंडा उपमहानगरपालिकाको सहयोग रहेको थियो।

सोमबारै सम्पन्न भएको पहिलो खेलमा पत्रकार महासंघले आयोजक रेडियो मकवानपुरलाई ३-१ गोलले पराजित गरेको थियो। पहिलो खेलमा आयोजकको तर्फबाट सन्तोष विश्वकर्माले एक गोल गर्दै सुरुवाती अग्रता दिलाए पनि टिमलाई हारबाट जोगाउन सकेनन्।

गतवर्ष भएको चौथो संस्करणको फुटसल प्रतियोगिताको उपाधि टिम एन्ड्रसले जितेको थियो। टिम एन्ड्रसले आयोजक रेडियो मकवानपुरलाई २-० गोलले हराउँदै उपाधि जितेको थियो। गत वर्षको विजेता टिम एन्ड्रस यस वर्षको प्रतियोगितामा उपस्थित नभएको बताइएको छ।

प्रतियोगिताको उपाधि विजेता पत्रकार महासंघ र उपविजेता नवयुगको टिमलाई मंगलबार रेडियो मकवानपुरको वार्षिकोत्सवको समापन कार्यक्रममा नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ।

# जिल्लास्तरीय क्रसकन्ट्री साइक्लिङ प्रतियोगिता हुँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडामा आउँदो शनिबार जिल्लास्तरीय क्रसकन्ट्री साइक्लिङ प्रतियोगिता हुने भएको छ। नेकपा एमाले निकट नेपाल खेलकुद महासंघको आयोजना तथा मकवानपुर जिल्ला साइक्लिङ संघको व्यवस्थापना जिल्लास्तरीय क्रसकन्ट्री एलिमिनेटर साइक्लिङ प्रतियोगिता हुने भएको हो।

प्रतियोगिता हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा हुने जिल्ला साइक्लिङ संघका अध्यक्ष संगीत श्रेष्ठले जानकारी दिनुभएको छ। सिनियर र जुनियर खेलाडीहरु सहभागी हुन पाउनेगरी प्रतियोगिता आयोजना गर्न लागेको अध्यक्ष श्रेष्ठले बताउनुभयो। पिप्ले-क्याम्पा रंगशालाको चौरको बाहिर सहभागी प्रतियोगीहरुले ४ सय मिटर २ राउण्ड घुमाउनुपर्ने उहाँले बताउनुभयो। प्रतियोगितामा सहभागी भएका प्रतियोगिहरुमध्ये निर्धारित दुरी छिट्टै पूरा गर्ने फाइनलमा प्रवेश गर्ने उहाँले बताउनुभयो।

प्रतियोगितामा ५० देखि ६० जना खेलाडीहरुको सहभागिता रहने अनुमान गरिएको उहाँले बताउनुभयो। प्रतियोगिता सम्पन्न गर्नका लागि १ लाख ६० हजार रुपैयाँ खर्च हुने आयोजकको अनुमान रहेको छ। आर्थिक सहयोगका लागि हेटौंडा उपमहानगरपालिका, वडा र स्थानीय तहसँग पहल गरिएको उहाँको भनाइ छ।

जुनियरतर्फ १४ वर्षदेखि १७ वर्षसम्म उमेर समूहका र सिनियरतर्फ १८ वर्षदेखि ३० वर्षसम्म उमेर समूहका खेलाडीहरुले प्रतियोगितामा सहभागी हुन पाउनेछन्। प्रतियोगितामा सहभागी हुनका लागि शुक्रबारसम्म नाम दर्ता गराइसक्नुपर्ने उहाँले बताउनुभयो। प्रतियागितामा सिनियर र जुनियरतर्फ प्रथम, द्वितीय र तृतीय हुनेहरुलाई क्रमशः ५ हजार, ४ हजार र ३ हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ।

# डुमरवाना क्रिकेट प्रतियोगितामा मकवानपुर सहभागी हुने

समाज संवाददाता

हेटौंडाः बारा जिल्लाको जीतपुर सिमरा उपमहानगरपालिकामा हुन लागेको ५ औं संस्करणको डुमरवाना क्रिकेट प्रतियोगितामा मकवानपुर जिल्ला क्रिकेट संघको टिम सहभागी हुने भएको छ। जीतपुर सिमरा उपमहानगरपालिका वडा नम्बर १५ मा २६ गतेबाट हुन लागेको क्रिकेट च्याम्पियनसीपमा मकवानपुर सहभागी हुने भएको हो।

प्रगतिशील युवा क्लबको आयोजनामा हुन लागेको प्रतियोगितामा मकवानपुरसहित ६ वटा टिमको सहभागिता रहने क्रिकेट संघ मकवानपुरका अध्यक्ष विनोदकुमार बानियाँले जानकारी दिनुभएको छ। आगामी फागुन ३ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा गौर क्रिकेट क्लब, इस्टर्न क्रिकेट एकेडेमी, मकवानपुर क्रिकेट संघ, पर्सा क्रिकेट संघ, कलैया क्रिकेट क्लब र आयोजक प्रगतिशील युवा क्लबको सहभागिता रहने उहाँले बताउनुभयो।

लिग प्रणालीमा सञ्चालन हुने प्रतियोगिताको उद्घाटन खेलमा मकवानपुरले आयोजक प्रगतिशील क्लबसँग प्रतिस्पर्धा गर्नुपर्नेछ। दोस्रो दिन मकवानपुरले इस्टर्न क्रिकेट क्लबसँग प्रतिस्पर्धा गर्नेछ। गत वर्षको प्रतियोगितामा सहभागी भएको मकवानपुर प्रतियोगिताको विजेता बनेको सचिव बानियाँले बताउनुभयो। प्रतियोगिता प्रगतिशील खेल मैदानमा हुनेछ। प्रतियोगितामा सहभागी भएका प्रत्येक टिमले २ खेल खेल्नुपर्ने उहाँले बताउनुभयो।

प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख र उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। प्रत्येक खेलमा म्यान अफ द म्याच हुने खेलाडी तथा विधागततर्फ म्यान अफ द सिरिज, उत्कृष्ट बलर र उत्कृष्ट ब्याटरका लागि पनि पुरस्कारको व्यवस्था गरिएको बताइएको छ।

# राक्सिराङमा मनाइयो ल्होछार

समाज संवाददाता

हेटौंडाः मकवानपुरको राक्सिराङ गाउँपालिकामा सोनाम ल्होछार पर्व मनाइएको छ। शनिबार कालिका युवा क्लबले विशेष सांस्कृतिक कार्यक्रम आयोजना गरेर ल्होछार पर्व मनाएको हो।

क्लबका अध्यक्ष जगतबहादुर स्याङ्तानको अध्यक्षता तथा नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो। नेपाल तामाङ घेदुङ समन्वय समिति मकवानपुरका अध्यक्ष कालु घलानको विशेष आतिथ्य रहेको थियो।

कार्यक्रममा मन्तव्य राख्नुहुँदै अध्यक्ष घलाने ल्होछारलाई राष्ट्रिय पर्वको रुपमा सबै समुदायले मनाउन आग्रह गर्नुभयो। कार्यक्रममा स्थानीय कलाकारको सांस्कृतिक प्रस्तुति रहेको थियो।


## नारायणी संघ हेटौंडाका सदस्य महानुभावहरुमा

### अत्यन्त जरुरी सूचना

यस नारायणी संघ हेटौंडाको चौथो वार्षिक साधारण सभा एवम् दोस्रो अधिवेसन तपसिल अनुसारको विषयमा छलफल हुने गरी निम्न मिति, समय र स्थानमा हुन गइरहेकोले उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ।


**छलफलका विषयहरूः**

१. वार्षिक प्रतिवेदन
२. आय व्यय विवरण सहितको लेखा परीक्षण प्रतिवेदन
३. लेखा परीक्षकको नियुक्ती
४. विविध

**कार्यक्रमः**

मितिः २०८१/११/१७ गते, शनिवार
समयः विहान ९:०० बजे
स्थानः पल्पसा प्याराडाईज होम, पल्पसा सभा हल, हेटौंडा २, मकवानपुर

**हिरालाल श्रेष्ठ**
**अध्यक्ष**
**नारायणी संघ हेटौंडा**



## नारायणी यातायात व्यवसायी संघका सदस्य महानुभावहरुमा

### अत्यन्त जरुरी सूचना

यस संघको ३६ औं बार्षिक साधारण सभा एवम् १६ औं अधिवेसन तपसिल अनुसारको विषयमा छलफल हुने गरी निम्न मिति, समय र स्थानमा हुन गइरहेकोले उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ।

**छलफलका विषयहरुः**

१. वार्षिक प्रतिवेदन
२. आय व्यय विवरण सहितको लेखा परीक्षण प्रतिवेदन
३. लेखा परीक्षकको नियुक्ती
४. बिशेष प्रस्ताव
५. विविध

**कार्यक्रमः**

मितिः २०८१/११/१७ गते, शनिबार
समयः विहान ९:०० बजे
स्थानः पल्पसा प्याराडाईज होम, पल्पसा सभा हल, हेटौंडा २, मकवानपुर

**सरोजकुमार खनाल**
**महासचिव**
**नारायणी यातायात व्यवसायी संघ**

## हेटौंडा उपमहानगरपालिका

### ८ नम्बर वडा कार्यालयको सूचना

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तिका लागि जन्म, मृत्यु, बिवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं/ गराऔं।

**रामकृष्ण थापा**
**वडा अध्यक्ष तथा**
**८ नम्बर वडा कार्यालय परिवार**

## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ।

- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना।
- **उमेर** : १८ वर्ष पुरा भएको।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-



**सम्पर्क**
**मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६**
**स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर**


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ